# देवचुली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (ब.सु.पू)
गण्डकी प्रदेश, नेपाल
०७८-५७५३९६, ०७८-५७५०१०
ईमेल:Devchulimunicipality@gmail.com


## व्यवसायिक तथा सीप विकास तालिममा सहभागीका लागि आवेदन दिने बारेको अत्यन्त जरुरी सूचना

सूचना प्रकाशित मिति : २०७७।१२।२४

यस कार्यालय र संघिय सरकारको लागत साझेदारीमा चालु आ.व. २०७७/०७८ का लागि लगनशील,ईच्छुक, बेरोजगार युवा युवतीहरुलाईसीप विकासको माध्यामबाट रोजगारी सिर्जना तथा आय आर्जन गरी गरिवी निवारण कार्यमा टेवा पुऱ्याउने उद्देश्यले व्यवसायिक तथा सीप मूलक तालिम संचालनका लागि सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेश बाट तालिम कार्यक्रमस्वीकृत भईआएकोले ईच्छुक नगरवासी नेपाली नागरिकहरुबाट यो सूचना प्रकशित मितिले ७ दिन भित्र यस कार्यलयको राजश्व शाखामा तपसिलमा उल्लेखित कागजात सहित निवेदन पेश गर्नुहुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**संचालन हुन तालिम**

| सि.नं | तालिमको किसिम | तालिम अवधि | सहभागी प्रशिक्षार्थी |
|---|---|---|---|
| १ | सिलाइ कटाइ बेसिक | ६५ कार्य दिन | २० जना |
| २ | हाउस वायरिङ्ग | ६५ कार्य दिन | २० जना |
| ३ | मोबाइल मर्मत | ६५ कार्य दिन | २० जना |
| ४ | प्लम्विङ्ग | ६५ कार्य दिन | २० जना |

**आवश्यक न्यूनतम योग्यता, तालिम संचालन स्थानर सम्पर्क मिति :**

- दरखास्त फारामसाथ कम्तीमा ८ कक्षा उत्तीर्ण गरेको शैक्षिक योग्यताको प्रमाण-पत्र,नेपाली नागरिकताको प्रमाण पत्र पेश गर्नु पर्ने छ।
- दरखास्त दिने म्याद सम्म १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको यस नगरपालिका क्षेत्रमा बसोवास गरेका, तालिमको अवधिभर निरन्तर सहभागी हुन सक्ने र तालिम लिए पश्चात व्यवसायिक रुपले सम्वन्धित व्यवसाय संचालनका ईच्छुक र उत्सुक नेपाली नागरिक।
- संघ,प्रदेश र स्थानीय तहको लागत साझेदारीमा आधारित व्यवसायिक तथा सीप विकास तालिम व्यवस्थापन तथा सञ्चालन कार्यविधि २०७७ को अनुसूचि - ३ बमोजिमको आवेदन फाराम भरी तोकिएको म्याद भित्र यस नगरपालिकामा पेश गर्नु पर्ने छ । आवेदन फाराम www.devchulimun.gov.np/ne बाट डाउनलोड गर्न वा नगरपालिकाको राजश्व शाखा वा सम्वन्धित वडा कार्यालयमा सम्पर्क राखी प्राप्त गर्न सकिने छ।
- तालिम संचालन हुने स्थान, समय र मिति पछि प्रकाशित गरिने छ।
- सम्पर्क मिति : दरखास्त दिने अन्तिम दिनको भोलिपल्ट। दरखास्त दिने अन्तिम दिनको भोलिपल्ट सार्वजनिक विदा पर्न गएमा त्यस पछि कार्यालय खुलेको दिन।

नोट : सूचनामा तोकिए भन्दा वढी संख्यामा आवेदन पर्न आएमा यस कार्यालयबाटछनौट समिति गठन गरी उक्त समितिद्वाराछनौट विधि अपनाईप्रशिक्षार्थी छनौट गरिने छ। छनौट विधि समय र स्थान सम्पर्क मितिमा तोकिने छ।